# लिखु गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

इुँडे, नुवाकोट ।

## औषधी खरिदको शिलवन्दी दरभाउपत्र सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/९/२३)

यस कार्यालय र अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा चालु आर्थिक वर्ष २०७०/८१ को वांकी अवधिको लागि आवश्यक पर्ने गुणस्तरीय औषधीहरु शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने भएकोले ईजाजतप्राप्त फर्म, संस्था, सप्लायर्सहरु वा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रहि रीत पुर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. दरभाउपत्र फारम कृषि बिकास बैंक लि. छहरे शाखामा रहेको आन्तरीक राजस्व खाता नं. ०२२४८०१९४५१०८०१९ मा वोलपत्र दस्तुर वापतको रु १०००।०० एक हजार (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचरको Scan कपी सहित अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको इजाजतपत्र, फर्म/संस्था/कम्पनीदर्ताको प्रमाणपत्र, मुल्यअभिवृद्धि करमादर्ता भएको प्रमाणपत्र र आ.व. २०७९/०८० सम्मको कर चुक्ता गरेको प्रमाणहरु संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मार्फत पेश गर्न सकिनेछ ।

२. दरभाउपत्र दाताहरुको अनुपस्थितीमा पनि दरभाउपत्र खोल्न वाधा पुगेको मानिने छैन ।

३. दरभाउपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा आफुले सजाय नपाएको, भनी लिखित रुपमा गरेको घोषणा कागजात दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्र फाराम साथ जमानत वापत तपशिलमा उल्लेखित धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक लि. छहरे शाखा नुवाकोटमा रहेको धरौटी खाता नं. ०२२४८०१९४५१०८११६ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट यस गाँउपालिकाको नाममा जारी भएको सक्कल बैंक ग्यारेन्टी (Bid Bond) शिलवन्दी दरभाउपत्र खोलेका मितिबाट गणना हुने गरि कम्तिमा ७५ दिन म्याद भएको हुनु पर्नेछ ।

५. दरभाउपत्र फारममा दररेट भर्दा अंक र अक्षरमा प्रष्ट संग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. दरभाउपत्र सम्बन्धीयो सूचना यस कार्यालयको website: www.likhumunnuwakot.gov.np मा पनि हेर्न सकिनेछ । साथै यस सम्बन्धी थप जानकारी आवश्यक परेमा यस कार्यालयको ईमेल: likhu.nuwakot@gmail.com मा सम्पर्क गर्न सकिनेछ ।

७. दरभाउपत्रदाताले सप्लाई गर्ने औषधीहरुको म्याद आपुर्ती हुंदाको समयमा कुल उपभोग योग्य अवधिको कम्तिमा ७५ प्रतिशत हुनु पर्नेछ ।

८. दरभाउपत्रदाताले सप्लाई गर्ने औषधीहरुमा लिखु गाँउपालिकावाट निशुल्क उपलब्ध" भन्ने शव्द लेखिएको हुनु पर्नेछ ।

९. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन् ।

१०. प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. यस सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

| कन्ट्रयाक्ट नं. | खरिद सम्बन्धी बिवरण | दरभाउपत्र जमानत रकम | सिलबन्दी खाम पेश गर्ने अन्तिम मिति | खोलिने मिति र समय | फारम दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| 01/Health/ LRM/ 2080/81 | Supply and Delivery of Medicine to Likhu Rural Municipality, Nuwakot | ३०,०००।०० | २०८०/१०/०९ मध्यान्ह १२.०० बजे २ | ०८०/१०/०९ दिनको १ बजे | १०००।०० |

प्रमुख प्रशासकीय अधिकृत